National News

July 13, 2024

प्रमुख समाचार:

1. उपराष्ट्रपतिले हर घर तिरंगा बाइक ऱ्यालीलाई गराउनुभयो प्रस्थान

2. भारत र अमेरिकाबीचका सम्बन्धमा भारतीय प्रवासीहरूले सकारात्मक भूमिका खेलिरहेको विदेशमन्त्रीको भनाइ

3. कोलकाता उच्च अदालतद्वारा डाक्टर हत्या प्रकरणको अनुसन्धान गर्न सीबीआईलाई आदेश जारी

4. पञ्चायती राज मन्त्रालयले भोली गर्नेछ महिला नेतृत्वसम्बन्धी राष्ट्रिय कार्यशाला आयोजना

5. श्रीमती शेख हसिनाको दिल्ली बसाइँले बंगलादेश र भारतबीचको द्विपक्षीय सम्बन्धमा नकारात्मक असर नपर्ने बंगलादेशका विदेश मामिला सल्लाहकारको भनाइ

VP-Har Ghar Tiranga

उपराष्ट्रपति श्री जगदीप धनखरले आज बिहान नयाँ दिल्लीको भारत मण्डपमबाट हर घर तिरंगा बाइक ऱ्याली-लाई प्रस्थान गराउनुभयो। यो ऱ्याली मेजर ध्यानचन्द राष्ट्रिय स्टेडियममा पुगेर समापन भएको थियो। श्री धनखरले भेलालाई सम्बोधन गर्दै, 'हर घर तिरंगा' अभियान आजादीका अमृत महोत्सवको एउटा भाग भएको, जसको उद्देश्य देशभरि घरघरमा तिरंगा फहराउनु रहेको बताउनुभयो। उहाँले यो अभियान अहिले आन्दोलन बनेको र करोडौँ जनताले घरघरमा तिरंगा फहराइरहेकामा खुसी व्यक्त गर्दै, प्रत्येक घरमा तिरंगा फहराउनुले देशको स्वतन्त्रता, गौरव र विकसित भारतप्रतिको प्रतिबद्धतालाई दर्शाउँछ भन्नुभयो।

## Foreign Minister-America

विदेशमन्त्री डा.एस जयशंकरले भारत-अमेरिका सम्बन्धको विकास र अमेरिकामा भारतीय प्रवासीहरूलाई सम्बोधन गर्दै, भारत विश्वभरि लोकतन्त्र समर्थक रहेको बताउनुभयो। उहाँले अमेरिकाका नयाँ राष्ट्रपतिसँग भारतले राम्रो तालमेल बनाएर काम गर्ने विश्वास व्यक्त गर्नुभयो। भारत-अमेरिका सम्बन्धबारे डा. जयशंकरले द्विपक्षीय सम्बन्धमा भारतीय प्रवासीले सकारात्मक भूमिका खेलेको बताउनभयो र एच-वान-बी भिसाले भारत-अमेरिका सम्बन्धलाई शीत युद्ध जस्तै आकार दिनमा योगदान पुऱ्याएको उल्लेख गर्दै, अमेरिकामा अन्य कुनै पनि प्रमुख आप्रवासी समुदायले आफ्नो मूल देशसँग भारतीयहरूले जस्तो गहिरो सम्बन्ध नराखेको बताउनुभयो। उहाँले भन्नुभयो, भारत-अमेरिका सम्बन्धलाई अर्को तहमा लैजान सक्ने सम्भाव्यता भएका प्रमुख क्षेत्रहरूमा भारतीय प्रवासीहरूले यस किसिमको विश्वास निर्माण गर्न सक्छन्। डा. एस जयशंकरले विश्व असाधारण रूपले कठिन समयबाट गुज्रिरहेको र आगामी पाँच वर्षसम्म अवस्था यस्तै रहने अनुमान गरिएको बताउनुभयो अनि पश्चिम एसिया, युक्रेन, दक्षिण-पूर्वी एसियामा भइरहेका घटनाक्रम र कोभिडको निरन्तर प्रभावलाई उद्धृत गर्दै यसलाई चुनौतीपूर्ण परिदृश्य भन्नुभयो।

## Kolkata HC-CBI

कोलकोता उच्च अदालतले कोलकोतास्थित आर.जी कार मेडिकल कलेज तथा अस्पतालमा एक डाक्टरको बलात्कार र हत्या प्रकरणमा केन्द्रीय अनुसन्धान ब्यूरो-सीबीआईलाई अनुसन्धान गर्न आदेश दिएको छ। अदालतले घटनासँग सम्बन्धित सबै कागजात तत्काल सीबीआईलाई सुम्पन पुलिसलाई निर्देशन दिएको छ। यसअघि उच्च अदालतले राज्य सरकारलाई अहिलेसम्म भएको छानबिनको स्थिति प्रतिवेदन बुझाउन आदेश दिएको थियो। अदालतले कलेजका पूर्व प्राचार्यको बयान लिन ढिलाइ भएकामा प्रश्न गर्दै, आन्दोलनरत चिकित्सकको चिन्ता समाधान गर्न सरकारले के पहल गरिरहेको छ भनी सोधेको छ। यसबीच, आवासीय चिकित्सक संघले केन्द्रीय स्वास्थ्य मन्त्रालयका अधिकारीसँगका बैठकमा निष्कर्ष ननिक्लेपछि अनिश्चितकालीन हडतालमा जाने घोषणा गरेको छ। घटनाका विरोधमा देशभरका सरकारी अस्पतालहरूका आवासीय चिकित्सकहरू हिजोदेखि आन्दोलनरत छन्।

## NHRC Notices

यस मामिलामा राष्ट्रिय मानव अधिकार आयोगले पश्चिम बंगालका मुख्य सचिव र पुलिस महानिर्देशकलाई नोटिस जारी गरी, यस घटनाबारे दुई हप्ताभित्र विस्तृत प्रतिवेदन मागेको छ। प्रतिवेदनमा पुलिसबाट भइरहेको अनुसन्धानको वर्तमान अवस्था र दोषीमाथि कारबाही हुने अपेक्षा गरिएको आयोगले जनाएको छ। मिडिया रिपोर्टका विषयवस्तुले पीडितको मानवअधिकार उल्लङ्घनको गम्भीर मुद्दा उठाएको आयोगले जनाएको छ।

## Independence Day-Panchayat

केन्द्र सरकारले ७८ औँ स्वतन्त्रता दिवस समारोहमा विशेष अतिथिका रूपमा देशभरिका पञ्चायत महिलासहित चार सय निर्वाचित प्रतिनिधिलाई आमन्त्रित गरेको छ। यसैबीच, पञ्चायती राज मन्त्रालयले भोलि नयाँ दिल्लीमा पञ्चायतहरूमा महिला नेतृत्वसम्बन्धी राष्ट्रिय कार्यशाला आयोजना गर्दै छ। कार्यशालामा पञ्चायतमा महिला नेतृत्वका लागि देखिएका चुनौती, सफलताका कथा र स्थानीय शासनमा महिलाको सहभागिता बढाउने विषयमा चर्चा हुनेछ। यस कार्यशालामा स्वतन्त्रता दिवस समारोहका लागि आमन्त्रित सबै पञ्चायती राज प्रतिनिधिहरू सहभागी हुनेछन्। पञ्चायती राज मन्त्री श्री राजीव रञ्जन सिंह र पञ्चायती राज राज्यमन्त्री प्रोफेसर एस. पी सिंह बघेलले भोलि यी प्रतिनिधिहरूसँग भेट गर्नुहुनेछ। कार्यशालामा भाषिनी एप-को सहयोगले बहुभाषिक ई-ग्रामस्वराज मञ्च-को पनि शुभारम्भ गरिनेछ। यसलाई वेबसाइटका सबै बाइसवटा अधिसूचित भारतीय भाषाहरूमा हेर्न सकिनेछ।

## Bangladesh Foreign Advisor

बंगलादेशका विदेश मामिला सल्लाहकार श्री मोहम्मद तौहीद हुसेनले शेख हसिनाको लामो समयसम्म दिल्ली बसाइँले बंगलादेश र भारतबीचको द्विपक्षीय सम्बन्धमा कुनै नकारात्मक असर नपर्ने बताउनुभएको छ। उहाँले द्विपक्षीय सम्बन्ध महत्त्वपूर्ण मुद्दा भएको र यो आपसी हितमा आधारित रहेको बताउनुभयो। ढाकास्थित भारतीय उच्चायुक्त श्री प्रणय वर्मा र अन्य कूटनीतिज्ञहरूसँग कुरा गरेपछि, श्री हुसेनले पत्रकारहरुलाई सो जानकारी दिनुभएको हो। साथै, उहाँले बंगलादेश सरकारले भारतसँग सुमधुर सम्बन्ध कायम राख्न प्रयास गर्ने कुरामा जोड दिनुभयो।

## India-Australia Sea

छैटौँ भारत-अष्ट्रेलिया समुद्री सुरक्षा संवाद आज क्यानबेरामा आयोजित भयो। भारतीय प्रतिनिधिमण्डलको नेतृत्व विदेश मन्त्रालयको निशस्त्रीकरण तथा अन्तर्राष्ट्रिय रक्षा मामिलाका सहसचिव सुश्री मुआनपुई सैयावीले गर्नुभयो। अष्ट्रेलियाली प्रतिनिधिमण्डलको नेतृत्व दक्षिण तथा मध्य एशियाका लागि प्रथम सहायक सचिव सुश्री सारा स्टोरीले गर्नुभयो। दुवै पक्षले दिगो विकास र विश्वव्यापी हितका लागि उपयुक्त सुरक्षित समुद्री वातावरण कायम गर्ने उपायहरूबारे छलफल गरे। दुई पक्षबीच हिन्द-प्रशान्त क्षेत्रमा समुद्री सुरक्षा वातावरण, सामुद्रिक क्षेत्र जागरूकता, मानवीय सहायता र प्रकोप राहत समन्वयलगायत आपसी हितका विभिन्न विषयमा छलफल भएको छ। छलफलमा खोज तथा उद्धार सहयोग, प्रदूषण रोकथाम, नीलो अर्थतन्त्र र बन्दरगाह राज्य नियन्त्रण सम्बन्धी मुद्दाहरू सामेल थिए।

## G-4: UNSC

संयुक्त राष्ट्र संघका लागि भारतका उपस्थायी प्रतिनिधि राजदूत श्री आर रविन्द्रले सोमबार संयुक्त राष्ट्र सुरक्षा परिषदमा जी-4 देशहरूको पक्षमा वक्तव्य दिँदै, संयुक्त राष्ट्र सुरक्षा परिषदमा सुधार नगरी यो परिषद विश्वव्यापी चुनौतीहरूको सामना गर्न सक्षम नहुने बताउनुभयो। उहाँले स्थायी श्रेणीको कमी समाधान गर्न असक्षम  संयुक्त राष्ट्र सुरक्षा परिषदले वर्तमान वैश्विक चुनौतीहरू सुल्झाउनुसित सम्बन्धित वर्तमान असन्तुलनलाई मात्र बढाउनेछ भन्नुभयो। श्री रविन्द्रले जी-4 देशहरूका लागि महत्त्वपूर्ण संयुक्त राष्ट्र सुरक्षा परिषदमा कमजोर प्रदर्शनको मुख्य कारण अफ्रिका, ल्याटिन अमेरिका र क्यारेबियन देशहरूको प्रतिनिधित्व नहुनु हो भन्नुभयो। साथै, स्थायी श्रेणीमा एसिया प्रशान्तको प्रतिनिधित्व पनि कम छ। राजदूत श्री रविन्द्र संयुक्त राष्ट्र सङ्घीय सुरक्षा परिषदमा अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्नेसम्बन्धी उच्चस्तरीय छलफललाई सम्बोधन गर्दै हुनुहुन्थ्यो।

## KEJRIWAL-KAVITA-CUSTODY

दिल्लीका मुख्यमन्त्री श्री अरविन्द केजरीवाल र बी.आर.एस नेता श्री के. कविताको न्यायिक हिरासत दिल्ली आबकारी नीतिमा भएको कथित घोटालासँग सम्बन्धित रकम घोटाला मुद्दामा सेप्टेम्बर २ सम्म बढाइएको छ। राउज एभिन्यू अदालतले आज दुवै नेताका हिरासतमा म्याद थप गरेको हो। मुद्दा अब सेप्टेम्बर २ मा सुनुवाइ हुनेछ। जमानतमा रिहा भएका AAP सांसद श्री सञ्जय सिंह र पूर्व उपमुख्यमन्त्री श्री मनिष सिसोदिया पनि भिडियो कन्फरेन्स मार्फत अदालतमा उपस्थित हुनुहुन्थ्यो।

Bug Cricket League

उदीयमान स्थानीय खेलाडीहरूलाई क्रिकेटका नायकहरूसँग खेल्ने अवसर दिने उद्देश्यले सुरु भएको बिग क्रिकेट लिग टी-२० ले राष्ट्रिय प्रसारक प्रसार भारतीसँग ऐतिहासिक दीर्घकालीन सम्झौता गरेको छ। यो एक फ्रान्चाइजी आधारित क्रिकेट प्रतियोगिता हुनेछ, जसको उद्घाटन यसै वर्ष लखनऊमा हुनेछ। बिग क्रिकेट लिगको देशभरि सिधा प्रसारण DD स्पोर्ट्सबाट हुनेछ। प्रसार भारतीले यसको सम्पूर्ण नेटवर्कमा प्रचार गरिरहेको छ। बिग क्रिकेट लिगको पहिलो सत्रको प्रसारण अन्तरराष्ट्रिय स्तरमा ३० भन्दा बढी देशमा हुनेछ। यसमा अवध लायन्स, नर्दन च्यालेन्जर्स, राजस्थान किंग्स, मुम्बई मरीन्स, सादर्न स्पार्टन्स र बेङ्गाल राइनोज गरी ६ टिम रहनेछन्। लिग आयुक्त तथा पूर्व भारतीय कप्तान दिलीप भेङ्गसकरको नेतृत्वमा चर्चित पूर्व क्रिकेटरहरूको परिषद्ले यस लिगको कामकाज हेर्नेछ। पूर्व भारतीय फास्ट बलर रुद्र प्रताप सिंह यसको अध्यक्ष र प्रतिष्ठित पूर्व वेस्ट इन्डिज फास्ट बलर कोर्टनी वाल्श उपाध्यक्ष हुन्।